# बागमती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेस प्रदेश, नेपाल
( २०७३ )

०४६-४१०००८
०४६-४१०००९


पत्र संख्याः- ०८२/०८३
चलानी नं.:- २३५

मितिः २०८२/०४/३०

**सूचना । सूचना ॥ सूचना ॥।**

**विषय : <u>भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले अन्तिम पटक निवेदन पेश गर्ने सम्बन्धि पैतिस (३५) दिने सूचना ।</u>**

प्रस्तुत विषयमा नेपाल सरकार भूमि समस्या समाधान आयोग ताहाचल काठमाण्डौंले मिति २०८२/०४/३० गते **भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले** अन्तिम पटक निवेदन पेश गर्ने भनि पैतिस (३५) दिने सूचना प्रकाशन गरे बमोजिम यस बागमती नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने **भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी** लाई जग्गा प्राप्त गर्नको लागि आयोगले तोकेको ढाँचामा वडाबाट खटिएका लगत संकलक मार्फत सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(नोटः आवश्यक जानकारीको लागि बागमती नगरपालिका भुमि शाखामा सम्पर्क गर्न हुन जानकारीको लागि अनुरोध छ ।)

(जिनेन्द्र चौधरी)
प्रशासन शाखा प्रमुख
प्रशासन शाखा प्रमुख

**बोधार्थ :**

१. **सूचना प्रविधि शाखा वेवसाइटमा अपलोड गरिदिनु हुन ।**
२. **सम्पुर्ण वडा कार्यालयहरु सूचना पाटीमा सूचना टाँस गरिदिनु हुन ।**

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।